# नि:शुल्क शिक्षा कार्यान्वयन नगर्ने पालिका



चन्द्रौटा (बुटवल टुडे), २ पुस- लुम्बिनी प्रदेश सभा सदस्य इन्द्रजित थारुले नि:शुल्क शिक्षा कार्यान्वयन नगर्ने स्थानीय सरकार आफ्नो दायित्व नबुझ्केको बताएका छन्। लुम्बिनी प्रदेशमा सार्वजनिक शिक्षामा लगानी, अवस्था, चुनौती र अवसरः प्रदेश स्थानीय सरकार तथा नागरिक समाजको भूमिका बहस-संवाद कार्यक्रम सम्बोधन गर्दै उनले यस्तो बताएका हुन्। दाङको भालुवाङमा बुधबार भएको कार्यक्रममा बोल्दै सरकारले माध्यमिक तहसम्म नि:शुल्क शिक्षाको संवैधानिक व्यवस्था रहेको उनले बताए।

नि:शुल्क शिक्षा कार्यान्वयन नगर्ने पालिका भद्रगोल रहेको बताउँदै आम नागरिकको बालबालिकाहरू सम्मानजनक रूपमा शिक्षा आर्जन गर्न पाउनुपर्ने सदस्य थारुले बताए। भौतिक पूर्वधारलाई मात्रै विकास ठानेका कारण शिक्षाले गति लिन नसकेको उनले बताए। शिक्षामा गरिएको लगानी दीर्घकालीन विकासको आधार भएको बताउँदै आमनागरिकहरू समेत शिक्षाको पहुँचमा हुनुपर्ने थारुले उल्लेख गरे।

स्थानीय सरकारहरूले विद्यालयको भौतिक संरचना निर्माणसँगै शिक्षकको क्षमता अभिवृद्धि, शैक्षिक गुणस्तर सुधार र विद्यार्थीमैत्री वातावरण निर्माणमा ध्यान दिनुपर्ने उनले बताए। "संविधानले दिएको अधिकार व्यवहारमा उतार्न प्रदेश र स्थानीय सरकारसँगै अभिभावक, शिक्षक र नागरिक समाजको साझा जिम्मेवारी छ" थारुले भने। नागरिक समाजको भूमिका महत्वपूर्ण रहेको बताउँदै शिक्षा क्षेत्रको निगरानी, सकारात्मक दबाब र सहकार्य बिना नि:शुल्क गुणस्तरीय शिक्षा सम्भव नहुने उनले बताए।

यसैबीच सामाजिक विकास मन्त्रालयका वरिष्ठ शिक्षा अधिकृत बेगम केसीले सार्वजनिक विद्यालयप्रति आम नागरिकको भरोसा बढाउन सरकार गम्भीर हुनुपर्ने बताए। नि:शुल्क शिक्षालाई नारामा सीमित नगरी व्यवहारमा पूर्णरूपमा कार्यान्वयन गर्न सबै तहका सरकारलाई उनले आग्रह गरे। यस्तै जिल्ला समन्वय समिति कपिलवस्तुका संयोजक बाबुराम आचार्यले निजी विद्यालयमुखी सोच अन्त्य नगरेसम्म सार्वजनिक शिक्षा सबल नहुने उल्लेख गरे। कार्यान्वय गर्न निकायमा नरहेको बताउँदै तर शिक्षालाई प्रभावकारी रूपमा गुणस्तरियता प्रदान गर्न समन्वयमा कन्जुसाई नगर्ने उनले बताए।

एसएसडिसीको आयोजना र एक्सन एड सहयोगमा लुम्बिनी प्रदेशमा सार्वजनिक शिक्षामा लगानी, अवस्था, चुनौती र अवसरः प्रदेश स्थानीय सरकार तथा नागरिक समाजको भूमिका बहस-संवाद कार्यक्रममा लुम्बिनी प्रदेशका सामाजिक विकास मन्त्रालय निम्ति सचिव दिवाकर भण्डारी, शुद्धोधन गाउँपालिकाका अध्यक्ष कमलेश शरण चौधरीले शिक्षा क्षेत्रलाई प्रभावकारी रूपमा विकास गर्नुपर्नेमा जोड दिएका थिए। शिवराज नगरपालिकाका उपसचिव पूर्ण बहादुर विश्वकर्माले शिक्षाको अवसर, संभवना र चुनौतिका विषयमा प्रशिक्षण दिएका हुन्।

सिद्धार्थ सामाजिक विकास केन्द्रका पूर्व अध्यक्ष पोम नारायाण पौडेल, शिक्षाका लागि राष्ट्रिय अभियान नेपालका केन्द्रिय हरि अधिकारी, एनसिईका कपिलवस्तु जिल्ला संयोजक बाबुराम रायमाझी र दाङ जिल्लाका संयोजक रूपलाल चौधरी लगायतले कार्यक्रमलाई सम्बोधन गरेका थिए।

---

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय**
**बागलुङ**

**सुचना प्रकाशित मितिः २०८२/०९/०३**
**(ने.सं. ११४६)**

**यो जो जससँग सम्बन्ध छ।**

गण्डकी प्रदेश बागलुङ जिल्ला बरेङ गाउँपालिका वडा नं. ४ साविक सल्यान गा.वि.स. वडा नं. ४ निवासी भारतिय भू.पू.सै.नं. १३८४६२०७A पल्टन ASC का Hony NB Sub यम बहादुर क्षेत्रीको श्रीमतीको नेपाली नागरिकता प्रमाण पत्रमा नाम थर खैसरा खत्री, जन्म मिति वि.सं. २०१०/०५/१५ (31/08/1953 A.D.) भएको जन्म मिति 01/01/1957 AD साथै पतिको भारतिय पेन्सन सम्बन्धी कागजातहरुमा नाम थर SUMITRA DEVI, भई श्रीमतीको नाम थर र जन्म मिति फरक भएता पनि उल्लेखित दुई नाम थर र जन्म मिति भएको व्यक्ति एउटै भएको भनी बरेङ गाउँपालिका, ४ नं. वडा कार्यालयको चलानी नं. १८९ मिति २०८२/०८/२५ को पत्रबाट लेखी आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनार्थ जानकारीका लागि अनुरोध छ।

**कुमान सिंह गुरुङ**
**प्रमुख जिल्ला अधिकारी**

---

**अर्घाखाँची जिल्ला, शितगंगा नगरपालिका वडा नं.१२ धौलेटाकुरामा रहेको ज्ञान बहादुर रानाको नाममा रहेको कित्ता नं.११०१ र ११०२ को जग्गा व्यस्थापन गर्ने र सो कार्य गर्दा निस्कने ढुङ्गा, माटो ढुवानी गरी लैजाने कार्यको लागि गर्न लागिएको प्रारम्भिक वातावरणीय अध्ययन सम्बन्धी सार्वजनिक सूचना**

**प्रकाशन मितिः २०८२/०९/०४०**

लुम्बिनी प्रदेश, अर्घाखाँची जिल्ला, शितगंगा नगरपालिका वडा नं. १२ धौलेटाकुरामा देहाय बमाजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावको व्यहोरा | अर्घाखाँची जिल्लाको शितगंगा नगरपालिका वडा नं. १२ धौलेटाकुरामा रहेको जग्गा व्यस्थापन गर्ने र सो कार्य गर्दा निस्कने ढुङ्गा, माटो ढुवानी गरी लैजाने कार्यको प्रारम्भिक वातावरणीय अध्ययन गर्ने। |
| प्रभाव पर्न सक्ने क्षेत्र | शितगंगा नगरपालिका वडा नं. १२ |
| कित्ता नं। | ११०१ र ११०२ |
| कुल क्षेत्रफल | ८ रोपनी |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरू बीच के-कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न शितगंगा नगरपालिका भित्रका विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र देहायमा उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | ज्ञान बहादुर राना, शितगंगा नगरपालिका वडा नं.१२, अर्घाखाँची ९८५७०५३५८० |
| राय सुझाव पठाउने ठेगाना | डेलिजेन्स कनसल्टिंग प्रा.लि. बालकोट, भक्तपुर फोन : ९८५११८२४७२ |

---

## Shuddhodhan Rural Municipality
## Office of Rural Municipal Executive
### Manpakadi, Rupandehi

## Invitation for E-Bids

**Date of publication: 2082/09/04**

Shuddhodhan Rural Municipality invites electronic bids from eligible bidders for the Following Project under NCB–Single Stage Bidding procedures. All other Information & Bid Documents Can Be Downloaded from PPMO's Website .For more information call on 9857084578

| Contract No. | Brief Description of Works | Estimated Cost(Without VAT and Contingency) | Bid Security | Cost of Bid Document |
|---|---|---|---|---|
| NCB/SRM/09/082-83 | Construction of Different Black Topped Roads of ward 1, 2, 3, 5, 6 | Rs. 1,01,58,747.76 | Rs. 3,25,000.00 | Rs. 3000 |

| For Bid Document Fee | For Bid Security |
|---|---|
| Bank: Agricultural Development Bank Ltd, Pharsatikar Sakha<br>A/C : Shuddhodhan Rural Municipality Office, Rupandehi<br>A/C no.: **0424501150279096** | Bank: Agricultural Development Bank Ltd., Pharsatikar<br>A/C: Shuddhodhan Rural Municipality Office,Rupandehi<br>Account No.: **0424501150279045**<br>Bid Validity period 90 days & must be valid for 30 days beyond. |
| Bids Submission Dead Line: Before 2082/10/04 ,12.00 pm | & Bid opening: 2082/10/04,1.00 pm |

Office has the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to award contract. If any provision of bid document is inconsistent with Public Procurement Act (PPA), 2063 and Public Procurement Regulations (PPR), 2064, the provision of bid document shall be void to the extent of such inconsistency and the provision of PPA and PPR prevail.

**Chief Administrative Officer**

---

**अनुसूची-१५**
**(दफा ३३ को उपदफा (२) सँग सम्बन्धित)**

## काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

दोस्रो पटक सूचना प्रकाशन मिति २०८२/०९/०४

जनचेतना सामुदायिक वन उपभोक्ता समूह, शिवराज न.पा. ०१, कपिलवस्तुले स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम डिभिजन वन कार्यालय, कपिलवस्तु गौतमबुद्धको संकलन सहमति अनुसार आ.व. २०८१/०८२ मा संकलन गरी उत्पादन भएका काठ/दाउरामध्ये सा.व.उ.स.को घाटगद्दीमा विभिन्न लटहरु बनाई राखिएको असना, कर्मा तथा अन्य जातको गरी कूल जम्मा गोलिया थान ६१० को ५३४८.६१ क्यु.फि. काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । रित पुगेका इच्छुक वन पैदावारमा आधारित (काठ/दाउरा) उद्योगहरुले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ दिनसम्ममा बोलपत्र खरिद गरी १६औं दिनको २:०० बजेभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण ब्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचनापाटीमा टाँस गरिएको व्यहोरा अनुरोध छ ।

**श्री जनचेतना सामुदायिक वन उपभोक्ता समूह,**
**शिवराज न.पा. ०१, भलुही, कपिलवस्तु**

---

## Invitation for Bids
## Dharan Sub Metropolitan City

**Invitation for Bids No: 20/DHARAN/WORKS/NCB/082/83**
**Date of publication: 2082-9-04 ,19-12-2025**

1. Dharan Sub Metropolitan City invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of Jamuna marga,Dharan-8, Kishan Path Sangharsha chowk,Dharan-11,Lalit tole Birnarayan marga,Dharan-15 and Namuna Marga ,Dharan-15 Asphalt Concrete Road Construction Work under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. 69,30,927.65 (Civil works without VAT and Including P.S).
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

---

## Invitation for Bids
## Malika Rural Municipality
### Arkhawang, Gulmi

**Date of publication: 19-December, 2025**

1. Malika Rural Municipality, Arkhawang, Gulmi invites electronic bids from eligible bidders for the procurement of worksas specified below under.
2. A complete set of Bidding Documents may be purchased from the office Malika Rural Municipality Arkhawang, Gulmi by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee as specified below till the respective dates. Electronic Bidding Document is available online and can be downloaded from PPMO's website http://www.bolpatra.gov.np/egp, The Bidders have to download the necessary part of bidding documents, prepare their bid and submit electronic bids as specified in the Instructions to Bidders. The Bidder shall be required to deposit the non-refundable fee as specified below and electronic scanned copy (pdf format).

**Information to deposit the cost of Bidding Document in Bank:**
Name of the Office: Malika Rural Municipality, Arkhawang, Gulmi.
Name of Bank: Global IME Bank Ltd. (Branch of Malika Gulmi)
Office Account No: **36004010000006**
**Account Name: Ga-1.1 Antarik Rajaswo Khata (Malika Ga. Pa.)**

3. Bids must be submitted to the office before respective dates. Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders representatives who choose to attend at **respective date and time** at the office of Malika Rural Municipality, Arkhawang,
5. Bids must be valid for a period of (A/C to bid documents) days counting from the day of bid opening and must be accompanied by bid security amounting as stated below deposited at (Staniya Taha Dharauti Khata (malikaga pa), A/C No.: 36004010000004) on behalf of Malika Rural Municipality, Arkhawang, Gulmi or bid bond authorized from a recognized commercial bank of Nepal, which shall be valid for minimum 30 days beyond the bid validity period.
6. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
7. Incase confusion contact on 9857067906, 9851129149, within office time. The name, identification number and other details of the contracts are as follows:

| Sn | Contract Name | Identification No. | Estimated Amount exclusive of VAT | Bid Document Fee (NRS) | Bid Security Amount (NRS) | Last Date of Bid Submission | Bid Opening Date | Mode |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction of Malika Model Scondary School | OMRM-GUL-W-NCB-34-2082/083 | 80,77,984 | 3,000 | 240,000 | 01.19.2026 12:00 | 01.19.2026 13:00 | Online |
| 2 | Upgrading of Chhapa Saire Boma Bhingithe Road | OMRM-GUL-W-NCB-35-2082/083 | 21,05,635 | 3,000 | 65,000 | 01.19.2026 12:00 | 01.19.2026 13:00 | Online |

**Chief Administrative Officer**

---

डि.स.का.रु. दर्ता नं. : १५३ (३०) ०५५/०५६ पान: ३०३४२१४०१
(सहकारी ऐन २०४८ अनुसार स्थापित)

## बुटवल बहुउद्देश्यीय सहकारी संस्था लि.
## BUTWAL MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD.

बुटवल उप.म.न.पा.-८, सुरुखानगर, रुपन्देही, नेपाल
फोन नं.: ०७१-५४६०५२, ५४२०५२

## निर्वाचन सम्बन्धि कार्यक्रम प्रकाशन गरीएको वारे ।

**सूचना प्रकाशित मितिः २०८२/०९/०४**

उपर्युक्त सम्बन्धमा मिति २०८२।०९।१९ गतेका दिन सम्पन्न हुन गइरहेको यस सहकारी संस्थाको सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिको ११औं निर्वाचन कार्यक्रम देहाय बमोजिम हुने भएको र विशेष परिस्थितीमा देहायका कार्यक्रम मध्ये कुनै वा सबै संशोधन गर्ने, फेरबदल गर्ने अधिकार निर्वाचन उपसमितिमा रहेको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना गरिएको छ। सो अनुसार निर्वाचन कार्यक्रममा भाग लिनुहुन सम्पूर्ण शेयरधनि / मतदाताहरूमा हार्दिक अनुरोध गरिन्छ।

१. मतदाताको नामावली प्रकाशनः २०८२/०९/०४ गते मंगलवार विहानको ११ बजे
२. मतदाता नामावलीमाथि दावी विरोधः २०८२/०९/१७ गते विहानको १० बजे देखी ११ वजे सम्म।
३. मतदाताको दावी विरोधमाथी छानवीनः २०८२।०९।१७ गते दिनको १९ पछि।
४. अन्तीम मतदाता नामावली प्रकाशनः २०८२।०९।१७ गते विहानको ११:३० बजे।
५. उम्मेदवारको मनोनयन पत्र दर्ताः २०८२/०९/१७ गते दिनको १२ बजे देखी ४ बजे सम्म।
६. दर्ता भएका मनोनयन पत्र माथि छानविन तथा निर्णय : २०८२।०९।१७ गते दिनको ४ वजे पछि।
७. उम्मेदवारको नामावली प्रकाशनः २०८२/०९/१७ गते दिनको ५ बजे।
८. मनोनयन पत्रमाथि दावी विरोधः २०८२/०९/१८ गते दिनको १०:३० देखि ११ बजे सम्म।
९. दावी विरोधमाथी छानविन : : २०८२।०९।१८ गते दिनको ११ बजे देखी १२ बजे सम्म।
१०. दावि विरोधमाथी छानविन पछि उम्मेदवारको नामावली प्रकाशनः २०८२।०९।१८ गते दिनको २ बजे
११. उम्मेदवारबाट मनोनयन पत्र फिर्ताः २०८२।०९।१८ गते दिनको ४ बजे सम्म।
१२. उमेदवारको अन्तिम नामावली प्रकाशनः २०८२।०९।१८ गते ४:३० वजे।
१३. प्रचार प्रसार : २०८२/०९/१९ गते ३ वजे सम्म।
१४. मतदानः २०८२/०९/१९ गते दिनको ३:३० बजे देखी ५ बजे सम्म।
१५. मतगणनाः मतदान समाप्त भएपछि लगातार
१६. निर्वाचनको परिणाम घोषणाः मतगणना समाप्त भएपछि।
१७. मनोनयन पत्र तथा मनोनयन पत्र दर्ता शुल्क फिर्ता नहुने गरी देहाय अनुसार हुनेछ।
(क) मनोनयन पत्र शुल्कः- प्रति मनोनयन फारम रु १००।-
(ख) मनोनयन पत्र दर्ता शुल्कः अध्यक्ष रु. १०००।-, सञ्चालक पदाधिकारिहरू रु. ७००।- र लेखा समिति संयोजक रु. ७००।- सञ्चालक समिति तथा लेखा समिति सदस्यहरू रु. ५००/-
१८. मतदान गर्ने सम्पूर्ण मतदाता सदस्यज्यूहरूले आफ्नो परिचय खुल्ने संस्था द्वारा बितरण गरेको परिचय-पत्र ननिवार्य ल्याउनु पर्नेछ। आवश्यक ठानेको अवस्थामा निर्वाचन समितिले हेर्न सक्ने छ। निर्वाचन सम्बन्धि बन्यकुराको जानकारिका लागि संस्थाको कार्यालयमा सम्पर्क गर्न सकिने छ। यो सुचना संस्थाको कार्यालयमा मेत टाँस गरिएको छ।

**शालिकराम वञ्जाडे**
**(निर्वाचन अधिकृत)**